**श्री सर्वोच्च अदालतमा दायर गरेको**

**निवेदन-पत्र**

**बिषयः नेपालको संविधानको धारा १३३(२), (३) बमोजिम उत्प्रेषण, परमादेश, प्रतिशेध लगायत जे जो चाहिने उपर्युक्त आज्ञा आदेश जारी गरी पाऊँ ।**

कुलबहादुर खत्रीको छोरा सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं. १ घर भई हाल काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ३१ आलोकनगर वस्ने बर्ष ३७ को युवराज पौडेल (सफल) सम्पर्क नं. ९८४९७७७०९२)..............................................१ — निवेदक

विरुद्ध

श्री महान्यायाधिवक्ताज्यू, महान्यायाधिवक्ताको कार्यालय, रामशाह पथ काठमाण्डौं............१

श्री महान्याधिवक्ताको कार्यालय, रामशाह पथ, काठमाण्डौं, नेपाल................................१

श्री जिल्ला सरकारी वकिल कार्यालय, भद्रकाली, काठमाण्डौं........................................१

श्री जिल्ला सरकारी वकिल कार्यालय, रुपन्देही.......................................................१

श्री जिल्ला सरकारी वकिल कार्यालय, कास्की..........................................................१ — प्रत्यर्थी

श्री जिल्ला सरकारी वकिल कार्यालय, चितवन.........................................................१

लालचन्द्र लामिछानेको छोरा काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ६ वौध महांकाल घर भई हाल ऐ. ऐ. वडा नं. १६ वनस्थली स्थित श्री राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति बर्ष ५० का श्री रबि लामिछाने..........................................................................१

म निवेदक निवेदन बापत लाग्ने दस्तुर साथै राखि नेपालको संबिधानको प्रस्तावना, धारा १, ५, १६, १७, १८, ४६,४८ एंब १३३(२) र (३) तथा सुशासन (व्यवस्था तथा संचालन ऐन), २०६४ को प्रस्तावना, दफा ६, ८ र १८ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ एंब दफा ११६ बिपरित कानूनलाई सिमित स्वार्थको साधन बनाई बिपक्षी महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०८२/०९/३० मा बिपक्षी रबि लामिछानेका सम्बन्धमा काठमाण्डौं जिल्ला अदालत, कास्की जिल्ला अदालत, रुपन्देही जिल्ला अदालत समेतमा पुर्पक्ष भईरहेका मुद्दाहरुमा सहकारी ठगीमा दावि गरिएको अभियोग कायम गरी संगठित अपराध र सम्पति सुद्धिकरणको अभियोग दावि निजको हकमा मात्रै कायम नरहने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम अभियोग संशोधन हुने गरी स्वीकृति दिने निर्णय गरिएको कार्यबाट कानूनको शासन प्रति अनादर गरी दुराग्रहपूर्ण, स्वेच्छाचारी र नियोजित रुपमा गैरकानूनी निर्णय भएको हुंदा उक्त गैरकानूनी निर्णय उत्प्रेषणको आदेशले वदर गरी पाउन र तत्काल उक्त निर्णय बमोजिमको

कार्य गर्न रोक लगाई पाउनका लागि अन्य कुनै पनि वैकल्पिक उपचारको व्यवस्था नभएको हुँदा कानूनको शासनको पालना गर्न गराउन सार्वजनीक सरोकारको प्रस्तुत रिट निवेदन लिएर न्यायको याचना सहित सम्मानित अदालत समक्ष उपस्थित भएको छु ।

१. म निवेदक एक देशभक्त नेपाली नागरिक हुनुका साथै विधिको शासनका लागि प्रतिवद्ध छु । कानून भन्दा माथि कोहि पनि हुनुहुदैन र कानूनको शासनलाई ठुला, साना, धनि, गरिब, पदमा भएका वा नभएका सबैले पालना गर्नु पर्दछ भन्ने मान्यता राख्दछु । गम्भीर सार्वजनिक सरोकारका विषयमा न्यायको याचना गर्नु आफ्नो सार्वजनिक कर्तव्य ठान्दछु । साथै कास्की जिल्ला अदालत र रुपन्देही जिल्ला अदालतमा पुर्पक्ष भईरहेका उक्त मुद्दाहरुको जहेरवाला समेत हुं ।

२. विपक्षी महान्यायाधिवक्ताको कार्यालयको मिति २०८२/०९/३० को उक्त निर्णय निम्न कारणले गैरकानूनी भएको निवेदन गर्दछु :

क) मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ३६ प्रयोग हुनका लागि तीन वटा पूर्व शर्त पुरा हुनुपर्दछ। (क) थप प्रमाण फेला परेको (ख) सो कारणले माग दावि संशोधन गर्नुपर्ने देखिएको र (ग) महान्यायाधिवक्ताको स्वीकृति । उक्त निर्णयमा कुनै पनि थप प्रमाण फेला परेको उल्लेख हुन् सकेको छैन । थप प्रमाण फेला पर्नु र प्रमाण फेला पर्नु पनि एकै अवस्था होइनन । थप प्रमाण फेला पर्नु भनेको मुद्दामा लगाइएको अभियोग झनै मजवुत हुनु हो र सो कारणले अभियोगलाई अझै खम्बिर बनाउन मात्रै अभियोग पत्रमा संशोधन गर्न पाइने हो । तसर्थ, थप प्रमाण फेला परेको अवस्था नभएको हुँदा उक्त निर्णय त्रुटिपूर्ण मात्रै नभएर उक्त दफा ३६ को दुराशयपूर्ण रुपमा प्रयोग भएको हुँदा महान्यायाधिवक्तावाट गैरकानूनी कार्य भएको प्रष्ट छ । त्यसरी नै उक्त दफा ३६ मा विधायिकाले प्रयुक्त गरेको "संशोधन" भन्ने शब्दले मुद्दाको महत्वपूर्ण पक्ष वा अभियोग दावि हटाउने वा अभियोगपत्रको कुनै कुराले कसैलाई कुनै प्रयोजन पुरा गर्न अप्ठ्यारो पार्यो भनी सो बाधा अप्ठ्यारो हटाउने कार्य गर्न सक्दैन । साथै, उक्त अवधारणा "संशोधन" ले उक्त संहिताको दफा ११६ को स्थान लिन पनि सक्ने होइन । तसर्थ, उक्त दफा ३६ को प्रयोगले उक्त दफा ११६ को स्थान लिन सक्ने गरी सेलेक्टिभ, दुराशय एंव कपटपूर्ण रुपमा उक्त दफा ३६ र ११६ को दुरुपयोग गरिएको हुँदा सो निर्णय गैरकानूनी छ। उक्त २ वटा पूर्व अवस्था पुरा भए पश्चात मात्रै उक्त दफा ३६ को प्रयोगका लागि स्वीकृति दिन सकिने हो । नेपालको संविधानको धारा १५८ अन्तर्गत महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहाकार भएको हुँदा गैर कानूनी कार्य गर्न पाउने हैसियत र क्षमता राख्न वा कानूनको दुराशयपूर्ण प्रयोग गर्न पाउने होइनन । तसर्थ, उक्त २ वटा पूर्वाअवस्था पुरा नभई दिइएको स्वीकृति पनि दुषित र गैर कानूनी रहेको प्रष्ट छ । गैर कानूनी निर्णयले १ मिनेट पनि मान्यता पाउन र कार्यान्वयन हुन सक्दैन ।

ख) संगठित अपराध, ठगी, सहकारी संग सम्बन्धित मुद्दा सम्पति सुद्धिकरण (मनी लाउन्दरिङ्ग) निवारण ऐन, २०६४ को अनुसूचि भित्र परेका सम्वद्ध कसूर हुन् । उक्त ऐनको अनुसूचिमा कुनै संशोधन वा परिवर्तन भएको अवस्था छैन । उक्त अनुसूचि भित्र परेको भनि मुद्दा दायर भई मुद्दाको पुर्पक्ष भईरहेका अर्थात् श्री कास्की जिल्ला अदालतमा मुद्दा नं. ०८१-C१-०४३५ को (सहकारी ठगी, संगठित अपराध र सम्पति सुद्धिकारण), श्री काठमाण्डौं जिल्ला अदालतमा मुद्दा नं. ०८१-C१-३९०५ (संगठित रुपमा ठगी गरेको), श्री रुपन्देही जिल्ला अदालतमा मुद्दा नं. ०८१-C१-३९०५ ( सहकारी ठगी सम्वन्धि कसूर र संगठित अपराध), श्री चितवन जिल्ला अदालत र पर्सा जिल्ला अदालतमा सहकारी ठगी तथा संगठित अपराध मुद्दा दायर भई पुर्पक्ष भईरहेको अवस्थामा सम्पति सुद्धिकरण ऐन, २०६४ र संगठित अपराध निवारण ऐन, २०७० लाई नै नजरअन्दाज गरी, उक्त ऐनको अस्तित्व नै रहेन वा छैन भन्ने गरी आफैले लगाएको अभियोग र आफैले दायर गरेको मुद्दा

"निर्देशित रुपमा अनुसन्धान गरिएको" "थप ठोस अनुसन्धान विना नै" अभियोगपत्र दायर गरिएको, "सहकारी संस्थामा कार्यरत नरहेका व्यक्तिहरु उपर समेत सहकारी ठगी, संगठित अपराध र सम्पति शुद्धिकरण सम्बन्धि कसूर थप गरी पुरक अभियोगपत्र दायर गरिएको" भन्ने आधार लिइएकोमा उक्त निर्णयमा सो आधार स्थापित भएको भए सो काम गर्ने महान्यायाधिवक्ता कार्यालय संग सम्बन्धित व्यक्तिहरुलाई कार्यवाही गर्नुपर्नेमा नगरिएकोबाट उक्त आधार नै अर्थहीन, सतही एंव गलत भएको प्रष्ट हुन्छ । तसर्थ, महान्यायाधिवक्ताबाट गरिएको उक्त निर्णय कानूनको शासनलाई नै पराजित गर्ने किसिमको भएको प्रष्ट छ ।

३. तसर्थ विपक्षीहरुका नाममा निम्न बमोजिमको आदेश जारी गरी पाउं :

(क) विपक्षी महान्यायाधिवक्ताज्यूबाट उक्त मिति २०८२/०९/३० मा गरिएको उक्त निर्णय गैर कानूनी भएको हुंदा उत्प्रेषणको आदेशले बदर गरी पाउं । साथै, उक्त निर्णय कार्यान्वयन गर्न जारी गरिएका पत्राचार एंव निर्देशनहरु समेत बदर गरी पाऊं ।

(ख) निज विपक्षी रवि लामिछाने २०८२/०५/२४ गते नक्खु कारागारबाट कारागार तोडी फोडी भागेका व्यक्ति हुन् । निज उपर कारागार ऐन, २०७९ को दफा ४९(१)(ख) को कसूरमा मुद्दा चलाई दण्डित गर्नु र असंख्य जाहेरवाला पिडितको निक्षेपको रकमको दुरुपयोगको गम्भीर अभियोग र संगठित अपराध एव सम्पति शुद्धिकरण संग सम्वद्ध अपराधको अभियोगलाई कमजोर वनाउने कार्यमा निज महान्यायाधिवक्ताको कार्यालय तल्लिन रहेको देखिएको हुंदा उक्त मुद्दाहरुलाई कमजोर वनाउने र प्रतिकुल असर पार्ने गरी आफ्नो संस्थाको मर्यादा विपरित कुनै पनि काम कार्यवाही नगर्नु भनि परमादेशको आदेश जारी गरी पाऊं ।

(ग) उक्त गैर कानूनी निर्णय यो मुद्दाको अन्तिम निर्णय नभएसम्म कार्यान्वयन नगर्नु र कार्यान्वयन गर्न कुनै पनि कानूनी प्रक्रिया अवलम्बन नगर्नु नगराउनु भनि श्री सर्वोच्च अदालत सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी पाऊं ।

४. यस विषयमा समानान्तर क्षेत्राधिकारको प्रयोग गरी अन्यत्र कुनै मुद्दा मामिला नगरिएको व्यहोरा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४३ बमोजिम खुलाएको छु ।

५. यस निवेदन-पत्र साथ निम्न कागजातहरूको फोटोकपी पेश गरिएको छ :

क) निवेदकको नागरिकता प्रमाणपत्रको फोटोकपी ।

ख) उक्त मिति २०८२/०९/३० को निर्णय ।

ग) श्री सर्वोच्च अदालत, श्री तुलसीपुर उच्च अदालत बुटवल ईजलास, श्री कास्की जिल्ला अदालत, श्री रुपन्देही जिल्ला अदालत र श्री काठमाण्डौं जिल्ला अदालतबाट बिभिन्न समयमा भएका आदेशहरूको फोटोकपी । साथै उक्त मुद्दाहरुको मिसिल र संलग्न दस्तावेज प्रमाण आवश्यकता बमोजिम झिकी वुझी प्रमाण लगाई पाउं ।

६. प्रस्तुत निवेदन दायर गर्न हाल कानुन व्यवसायी मुकरर गरेको छैन । पछि नियुक्त हुने कानुन व्यवसायीको वहसका वुंदा तथा नजिर सिद्धान्त समेतलाई यसै निवेदनपत्रको अभिन्न अङ्गको रूपमा ग्रहण गरी प्रमाण लगाई पाऊं ।

७. उल्लेखित व्यहोरा ठिक सांचो छ, झुठा ठहरे कानुन बमोजिम सहुंला बुझाऊंला ।

निवेदक

निज युवराज पौडेल (सफल)

इति सम्वत २०८२ साल माघ २ गते रोज ५ शुभम्.........................